# (क) स्वागत भाषण

***मदन पुरस्कार गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितले गर्नुभएको स्वागत भाषण***

## ॥ १ ॥

*[संवत् २०४८ सालको पुरस्कार 'जगदम्बा-श्री' नेपाली साहित्य सम्मेलन दार्जिलिङलाई र सोही सालको 'मदन पुरस्कार' 'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री भवेश्वर पंगेनीलाई समर्पण गर्न संवत् २०५० साल कार्तिक ४ गते रोज ४ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत भाषण। यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १३३ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, नेपाली साहित्य सम्मेलन दार्जिलिङलाई प्रदान गरिएको पुरस्कार त्यसका अध्यक्ष डा. लख्खीदेवी सुनदासले ग्रहण गर्नुभएको थियो।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

बन्धुगण, धितालजीले स्वागत गर्न भन्नुभयो, स्वागत गर्नुभन्दा पहिला एउटा सानो निवेदन गरूँ भन्ने लाग्यो। मैले ३५ वर्षदेखि समालिआएको काम धितालजीले पोहोर साल मबाट 'खोसिदिए' पछि म त्यसै बेकार परेको थिएँ। म यसरी बसेको मेरा पुराना मित्रहरूलाई मन परेनछ क्यार। उहाँहरूले धितालजीलाई के भन्नुभयो, कुन्नि, धितालजीले यसपटक कार्यक्रम मिलाउँदा मलाई भन्नुभयो, 'कमल बाबु, मैले तपाईंलाई एउटा सानो रोल मिलाइदिएको छु। राम्रोसँग गर्नुहोला, स्वागतका दुई शब्द बोली दिनुहोला।' मैले 'हवस' भनें। त्यसैले म अहिले यहाँ उभिएको छु। स्वागतका दुई शब्द बोल्दा मैले पारसमणि प्रधानलाई सम्झन पुगें। पारसमणि प्रधानलाई हाम्रो 'मदन पुरस्कार' २०२५ सालमा टक्र्याएको हो। उहाँ 'त्रिभुवन पुरस्कार' थाप्न यहाँ आउनुभएको थियो। त्यो बेला पनि धेरै स्वागत समारोहहरू भएका थिए, जसमध्ये म एउटा समारोह सम्झन्छु, सायद त्यो साझा प्रकाशनले गरेको थियो। पारसमणिजीलाई दुई शब्द बोल्न भनिएको थियो। पारसमणिजी ठटयौलो मानिस। उहाँ बिस्तारै उठ्नुभयो, अनि भन्नुभयो– "उठें बस्छु पनि।

मेरा दुई शब्द सिद्धिए।" धितालजीले स्वागत गर्न भन्नुभएपछि मैले पनि स्वागत स्वागत दुईचोटि भनिदिएपछि पुग्ने थियो। तर यहाँ यस्तो विद्वद् समाजको अगाडि उभिइसकेपछि त्यति मात्रै भनेर चुप लाग्न मन लागेन। त्यसैले अलिकति केही बोलौं भन्ने ठाने। पहिला त तपाईंहरूलाई म आग्रह गर्छु, स्वागत गर्ने क्रममा, यो भावनामा बग्यो भनेर नठान्नुहोला। सबभन्दा पहिले म ती दुई महान् आत्माहरूको स्वागत गर्न चाहन्छु। उहाँहरूको पार्थिव शरीर त यो संसारमा छैन। तर मलाई विश्वास छ- उहाँहरूका आत्मा यतै कतै आएर यो कार्यक्रम हेरिरहेका होलान्। मदनशमशेर र जगदम्बाकुमारी जसका नामबाट यो पुरस्कारको आयोजना भइरहेको छ। उहाँहरूको स्मृति- स्वागत गरिसकेपछि भावनाको धरातलबाट तल ओर्लेर वास्तविक संसारमा आउँदा म मेरा श्रद्धेय गुरु सरदार प्रा. यदुनाथ खनालज्यूलाई स्वागत निवेदन गर्दछु। कतिलाई थाहा छैन होला, कतिलाई थाहा पनि होला, २०१२ सालमा यो पुरस्कार स्थापना हुँदाको दिन पनि उहाँ यहाँ उपस्थित हुनुहुन्थ्यो। मदन पुरस्कार गुठीको संस्थापनको काममा उहाँ संलग्न हुनुहुन्थ्यो। यस स्थानको पछाडि एउटा ठूलो दरबार थियो। त्यहाँ ठूलो बैठक कोठा थियो। त्यसको नाम नै 'ठूलो बैठक' थियो। त्यही ठूलो बैठकमा २०१२ सालमा मङ्सिरको २८ गते रानीसाहेवले गुठीको दानपत्रमा ल्याप्चे लगाएर सही गर्दा पण्डितराज सोमनाथ र हाम्रा वासुदेव लुइँटेलहरूले वेदोच्चारण गर्नुभएको थियो। यो कुरा हाम्रो गुरुवरले सम्झिरहनुभएको होला। हाम्रा गुरुवर खनालज्यू, सिद्धिचरणज्यूको भाषामा भन्दा 'भाग्यको लहरमा लहरी लहरी' कहिले वाशिङ्गटन, कहिले पेकिङ, कहिले कता कहिले कता पुग्नुभयो। हाम्रो सम्पर्क छुटेको थियो। आज यस ठाउँमा प्रमुख अतिथिको रूपमा गुरुवरलाई स्वागत गर्न पाउँदा मलाई औधी खुसी लागेको छ।

अनि, स्वागत गर्ने क्रममा म सुदुर पूर्वबाट आउनुभएका मेरा दुई जना मित्रहरूलाई स्वागत भन्छु। यो दसैंको बेला बसको यात्रा कस्तो हुन्छ भन्ने मलाई थाहा छ। काँकरभिट्टाबाट बस चढेर आउनुभयो। यतिको निमित्त आउनुभएको हो उहाँहरू। डा. लक्खिदेवी सुन्दास अध्यक्ष, नेपाली साहित्य सम्मेलन र महासचिव प्रेम प्रधानज्यू, "कतिकति दुख फेली जन्म तिम्रो यहाँ भो, अब कति दुख फेली जानुपर्ने उहीं हो" भन्ने हाम्रा धितालजीको एउटा कविताको उपमा तपाईंहरूलाई अहिले ठ्याक्क मिल्छ। त्यति दुःख गरेर आउनुभयो। अझ दुःख गरेर फर्कनुहुन्छ। कष्ट दिएकोमा क्षमा माग्दै तपाईंहरूको स्वागत गर्दछु। तपाईंहरू आउनुहुन्न कि भन्ने हामीलाई डर लागेको थियो। अगुल्टोले पोलेको कुकुर बिजुलीदेखि तर्सन्छ भनेको जस्तो। नरबहादुर भण्डारीज्यू नआइदिएर हामीलाई जति नमजा लागेको थियो, यसपालि तपाईंहरूले पनि आउनेबेलामा आउन मिलेन, सकिनँ भन्दिनुहोला भन्ने हामीलाई ठूलो त्रास थियो। आइदिनुभएकोमा साह्रै खुसी लागेको छ। म तपाईंहरू दुवैलाई पुनः स्वागतम् भन्दछु।

त्यसपछि आजका अर्का अतिथि प्राध्यापक भगेश्वर पंगेनीज्यू, धेरै जना विद्वान्हरूको जन्म भएको ठाउँ छ अरे मदन पोखरा भन्ने पाल्पामा। त्यहाँको प्रतिनिधित्व गर्दै तपाई आउनुभएको छ। म तपाईंलाई र तपाईंको परिवारलाई स्वागत गर्दछु।

लक्खिदेवीजीलाई म सानो कुरा के निवेदन गर्छु भने साहित्य सम्मेलनको मात्र होइन, यहाँहरूलाई हामीले भारतवर्षमा रहेका १ करोड नेपलीकै प्रतिनिधिको रूपमा लिएका छौं। तपाईंले यो न्यानो स्वागत तपाईंको देशवासीलाई सुनाइदिनुहोला। मलाई 'तपाईंहरूको देशवासी' भन्दा वडो नमज्जा लागिरहेको छ। म तपाईंलाई आफ्नो देशभन्दा वाहिरको ठान्दिनँ, तर राजनीतिक सत्यता भनेको कसैले इन्कार गरेर नहुने रहेछ।

अव म नाम लिएर स्वागत गर्दिनँ। नाम लिएर स्वागत गर्दा पौष १४ गते रेडियो नेपालले नाम पढेजस्तो हुन्छ त अघि मैले उहाँहरू दुई जनालाई भारतका प्रतिनिधि भनें। त्यस्तै म अरू तपाईंहरू सबैलाई नेपाली बुद्धिजीवीहरूको प्रतीक स्वरूप ठान्दछु। लखौंलाख नेपाली बुद्धिजीवी, कवि, लेखक, कलाकारको प्रतिनिधिका रूपमा म तपाईंहरूको स्वागत गर्दछु। गन्तीमा तपाईंहरू यहाँ सय जना जति मात्र हुनुहुन्छ, तर गरिमामा तपाईंहरू असङ्ख्य हुनुहुन्छ। नेपाली बुद्धि र विद्याका पुञ्ज हुनुहुन्छ। म यस विद्या-बुद्धिपुञ्जको हार्दिक स्वागत गर्दछु र स्वागत भन्दछु।

☒ ☒ ☒